जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ९७ २०८२ साल कात्तिक २६ गते बुधबार (12 Nov 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : प्रधानमन्त्रीद्वारा स्थानीय ... ३ पृष्ठमा : राष्ट्रिय सतर्कता केन्द्रलाई ... ३ पृष्ठमा :दिल्लीको घातक कार ...

# चिकित्सकमाथी हातपात गर्नेलाई कारवाही र क्षतिपुर्तीको व्यवस्था मिलाउने प्रतिवद्धतापछी अस्पतालका सबै सेवा सूचारु




**दैनिक समाचारदाता**
**राजविराज, २५ कात्तिक ।**

गजेन्द्र नारायण सिंह अस्पताल राजविराजको सबै सेबाहरु मंगलबारदेखी सुचारु भएको छ। आईतबार रातीदेखि अस्पतालका सेबाहरु ठप्प रहेको थियो ।

अस्पतालको समस्या समाधान गर्न स्थानीय प्रशासनले बोलाएको सर्वपक्षिय बैठकमा चिकित्सकमाथि हातपात गर्ने उपर कारवाही र क्षतिपुर्तीको व्यवस्था मिलाउने प्रतिवद्धता जनाइएपछि अस्पतालको सेवा सुचारु भएको हो ।

सप्तरीको रुपनी गाउँपालिका वडा नं. ३ हर्दिया टोलकी रेखा यादवले आईतवार जन्म दिएकी नवजात शिशुलाई स्वास्थ्य समस्या देखिएपछि अस्पतालको एनआईसियु कक्षमा राखिएको थियो । सोही दिन साँझ अचानक सर्ट सर्किट भई झरेको बल्बले नवजात शिशुको टाउको र गालमा जलन भएपछि आक्रोशित आफन्तले अस्पतालमा तोडफोड, चिकित्सकलाई गाली गलौज गर्दै निमित्त मेसु डा. दिलिप साह माथी हातपात गरेपछि अस्पतालको आकस्मिक बाहेकाका सबै सेवा ठप्प भएको थियो ।

सर्वपक्षिय छलफलमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले घट्नामा संलग्न उपर कारवाही र क्षतिपुर्ती भराउने प्रतिवद्धता जनाएपछि अस्पतालको सेवा सुचारु गर्ने सहमती भएको निमित्त मेसु डा. साहले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले अस्पतालमा तोडफोड गर्ने चारजनालाई नियन्त्रणमा लिएको छ। पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका ४ का २४ बर्षीय उदय ठाकुर, सोही स्थानका २४ बर्षीय बिनित चौहान, विष्णुपुर गाउँपालिका ६ का ५० बर्षीय प्रमेश्वर यादव र २५ बर्षीय रमन यादव रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले सार्वजनिक अस्पतालमा तोडफोड गर्ने खोज्ने आपराधिक उपद्रव गरेको कसुरमा पक्राउ परेका चारै जनालाई सप्तरी जिल्ला अदालतबाट ६ दिनको म्याद थप गराई अनुसन्धान कार्य भईरहेको जनाएका छन् ।

यसअघि अस्पताल प्रशासनले सोमबार सुचना प्रकाशित गरेर चिकित्सकमाथी हातपात तथा अस्पतालको बिभिन्न फाँटमा तोडफोड गर्नेहरुलाई पक्राउ तथा सुरक्षाको पूर्ण प्रत्याभुती नगराएसम्म आकस्मिक कक्ष बाहेक अन्य सेवा सुचारु गर्न असमर्थ हुने जनाएको थियो ।

## नवनियुक्त मुख्यमन्त्रीद्वारा पदभार ग्रहण

## झडपमा पाँच प्रहरीसहित १० आन्दोलनकारी घाइते



**दैनिक समाचारदाता**
**जनकपुर, २५ कात्तिक ।**

मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले मंगलबार कार्यभार सम्हालेका छन् ।

कार्यभार सम्हाल्दै उनले मधेस आन्दोलनका सहिदहरूलाई मधेस रत्नले सम्मानित गर्ने पहिलो निर्णय गरेका छन् ।

मधेस आन्दोलनमा शहादत प्राप्त गरेका शहीदहरूलाई मधेस रत्न सम्मानबाट सम्मानित गर्ने निर्णय गरेका हुन् ।

मुलुकमा सङ्घीयता ल्याउन मधेसका शहीदहरूको अतुलनीय योगदान रहेको मुख्यमन्त्री यादवले बताए । उनले शहीदका परिवारलाई मधेसमा आर्थिक सहयोग दिइएको भएपनि मधेसका शहीदहरूलाई सम्मान नभएको बताए ।

उनले प्रदेशमा शान्ति सुव्यवस्था कायम गरी सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाउन सुरक्षा निकायका पदाधिकारीहरूलाई निर्देशन दिएका हुन् ।

यसैबीच मधेश भवनभित्र

*बाँकी अन्तिम पृष्ठमा*

# दीर्घकालीन प्रभाव पर्ने कुनैपनि काम नगर्न मुख्यमन्त्री यादवलाई सर्वोच्चको आदेश



**दैनिक समाचारदाता**
**जनकपुर, २५ कात्तिक ।**

सर्वोच्च अदालतले मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवलाई दीर्घकालीन प्रभाव पर्ने कुनैपनि काम नगर्न आदेश दिएको छ ।

न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले सुविधा र सन्तुलनको दृष्टिकोण भन्दै मुख्यमन्त्री यादवलाई मधेश प्रदेशमा दीर्घकालीन प्रभाव पार्ने कुनै नीतिगत निर्णय नगर्नू नगराउनू भनेको हो ।

सर्वोच्च अदालतको यो आदेश मुद्दाको अन्तिम किनारा नलागेसम्म कायम हुनेछ ।

*बाँकी दुई पृष्ठमा*

# काँग्रेसको नेतृत्वमा सरकार गठन भएमा राजीनामा दिन तयार छु : मुख्यमन्त्री यादव




**दैनिक समाचारदाता**
**जनकपुर, २५ कात्तिक ।**

मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले दलहरू नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन गर्न सहमत भए आफू राजिनामा दिन तयार रहेको बताएका छन् ।

जनकपुरस्थित एक होटलमा मंगलबार बिहान पत्रकार सम्मेलन गरी मुख्यमन्त्री यादवले यस्तो कुरा बताउँदै आफू रहरले नभएर संवैधानिक बाध्यतावश मुख्यमन्त्रीमा नियुक्त भएको दाबी गरे ।

उनले भने, "कांग्रेसका नेतालाई मुख्यमन्त्री बनाउने सहमति पनि गरेको थिए । तर, वर्तमान मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिन नसकेपछि संवैधानिक व्यवस्था अनुसार प्रदेश प्रमुखले मलाई मुख्यमन्त्रीमा नियुक्त गरे ।'

सोही पत्रकार सम्मेलनमा उनले भने, 'तत्काल कांग्रेस बाहेक अन्य दललाई नेतृत्व दिने विषयमा मैले सोचेको छैन ।'

## मधुमेह (डायबिटिज) रोगबाट बचौं ।

मधुमेहले,

- शरीरका बिभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अशोभनिय कार्य

कुनै घटनाले गर्दा बिरामीको परिवार, समाजका निर्णयकर्ताहरू वा आन्दोलनकारीहरूले अस्पतालमा तोडफोड गर्नु शोभनिय होइन् । अस्पतालमा तोडफोडले तत्काल र दीर्घकालीन दुवै रुपमा ठूलो नोक्सान गर्छ । चिकित्सकीय सेवा अवरुद्ध हुन्छ, बिरामीको ज्यान जोखिममा पर्छ, र समाजमा अविश्वास र भयको वातावरण बनाउँछ । कुनै पनि आन्दोलन, प्रतिवाद वा असन्तुष्टिले मानवीय जीवन र स्वास्थ्य सेवामा क्षति पुऱ्याउछ । एम्बुलेन्स रोकिँदा, आपतकालिन कक्षमा बाधा आउँदा वा औषधि र उपकरणहरू नष्ट हुँदा परिणाम केवल सम्पत्तिमा सीमित रहँदैन, त्यो क्षति सिधै जीवनसँग जोडिन्छ । असन्तुष्टिलाई न्यायोचित तरिकाले अगाडि बढाउने सभ्य मार्ग हो ।

अस्पताल सार्वजनिक सेवा हुन् । राज्य र समाज दुबैको साझा जिम्मेवारी हो । आन्दोलन र धरना, कानुनी उजुरी, मीडिया मार्फत ध्यानाकर्षण जस्ता शान्त र प्रभावकारी उपायहरू भरपर्दो विकल्प हुन् । यदि तिनीहरूले नतिजा नदिए जिम्मेवार व्यक्ति वा निकायलाई बदल्न, प्रशासनिक सुधार तथा पारदर्शिता माग्न कानूनअनुसार कदम चाल्न सकिन्छ । तर सार्वजनिक स्वास्थ्य संरचनामा हमला होइन ।

स्वास्थ्यकर्मी र सरोकारवालाहरूको सुरक्षाको सुनिश्चितता। अस्पतालमा काम गर्ने डाक्टर, नर्स र अन्य कर्मचारीहरू लामो समय र कठिन परिस्थितिमा सेवा दिन्छन् । उनीहरूमाथि आक्रमण वा धोका पुऱ्याउँदा स्वास्थ्य सेवा प्रणाली नै कमजोर हुन्छ । तसर्थ तोडफोड कहिल्यै उचित हुन सक्दैन । यसले समस्यालाई झन् गहिरो बनाउँछ र सर्वसाधारण, विशेष गरी पीडित बिरामीहरूलाई थप चोट पुऱ्याउँछ ।

# प्रधानमन्त्रीद्वारा स्थानीय जनप्रतिनिधिसँग छलफल

काठमाडौं, २५ कात्तिक (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले सोमबार स्थानीय सरकारका जनप्रतिनिधिहरूसँग छलफल गर्नुभएको छ ।

प्रधानमन्त्री कार्कीले गाउँपालिका राष्ट्रिय महासङ्घ र नगरपालिका राष्ट्रिय महासङ्घका पदाधिकारीसँग सोमबार दिउँसो बालुवाटारमा छलफल गर्नुभएको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावलले जानकारी दिनुभयो ।

उहाँले पछिल्लो समय उत्पन्न परिस्थितिमा स्थानीय सरकारले गरिरहेका कामकारबाही, भोग्नुपरेका समस्या र निर्वाचनको तयारीका सम्बन्धमा छलफल तथा परामर्श गर्नुभएको हो ।

सङ्घ, प्रदेश र स्थानीय सरकारबीच सहकार्य, समन्वय र सहअस्तित्वको भावनासहित अघि बढ्ने विषयमा उपस्थित सबैको एकमत थियो । आगामी निर्वाचनको वातावरण बनाउनका लागि मुलुकमा सुशासन र शान्ति सुव्यवस्था कायम गराउन पनि सहकार्य गर्नुपर्ने उहाँहरूको धारणा थियो ।

स्थानीय तहका जनप्रतिनिधिहरूले प्रधानमन्त्री कार्की नेतृत्वको सरकारले निर्वाचनको वातावरण बनाउन निर्वाह गरिरहेको भूमिकाको सराहना गर्दै आशा जगाउने काम गरेकोमा प्रसन्नता व्यक्त गर्नुभयो ।

छलफलमा सरकारका तर्फबाट गृहमन्त्री ओमप्रकाश अर्याल र कानुनमन्त्री अनिलकुमार सिन्हाको पनि उपस्थिति थियो । गृहमन्त्री अर्यालले असामान्य परिस्थितिमा आएको यो सरकारले शान्ति सुव्यवस्थाका निम्ति स्थानीय सरकारले गर्नसक्ने सहयोगका निम्ति आग्रह गर्नुभयो ।

सरकारले केही हतियार र करिब पाँच हजार कैदीबन्दीको खोजी गरिरहेकाले त्यसबारे सूचना उपलब्ध गराउनका निम्ति सहयोग गर्न उहाँले आग्रह गर्नुभयो ।

स्थानीय जनप्रतिनिधिहरूले हालै सरकारले मितव्ययिता कायम गर्न जारी गरेको मार्गदर्शनका कारण करारका कर्मचारी राख्न नपाएको र ठेक्का लागिसकेका योजना पनि अनिश्चित भएकाले प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

उहाँहरूले तीनै तहका सरकारहरूबीच समन्वय गर्न गठित संयन्त्रहरूका बैठक राखी क्रियाशील गराउन पनि प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभयो ।

निर्वाचन सम्पन्न गर्न स्थानीय सरकारको झन् बढी भूमिका हुने भएकाले समन्वय र सहकार्यबाटै अघि बढ्ने प्रधानमन्त्री कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "निर्वाचनमा स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुन्छ । निर्वाचनको वातावरण बनाउन र तयारी गर्न तपाईँहरूसँग समन्वय र सहकार्य नगरी हुन्न । तपाईँहरूका चासो हामी सम्बोधन गर्छौं । गर्नैपर्छ । चिन्ता नगर्नुहोस् । आफ्नो काममा निर्धक्कसँग अगाडि बढ्नुहोस् । अहिले सबै मिलेर यो परिस्थितिको निकास निकाल्नुपर्छ ।" दलीय पद्धतिमा दललाई बाहेक गरेर अघि बढ्न नसकिने पनि उहाँले स्पष्ट पार्नुभयो ।

प्रधानमन्त्री कार्कीले जेनजीलाई पनि पार्टी बनाएर चुनावमा प्रतिस्पर्धा गर्न आफूले सुझाएको जानकारी दिनुभयो । राजनीतिमा संस्कार र अनुशासन पनि अनिवार्य रहेको उहाँको धारणा थियो ।

सो छलफलमा गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्ष लक्ष्मीदेवी पाण्डे र नगरपालिका राष्ट्रिय महासङ्घका अध्यक्ष भीमप्रसाद ढुङ्गानासहित विभिन्न पदाधिकारीहरूको उपस्थिति थियो ।

# 'जेनजी' आन्दोलनमा गण्डकीमा पाँच अर्बको क्षति

गण्डकी, २५ कात्तिक (रासस) ।

गत भदौ २३ र २४ गते भएको 'जेनजी' आन्दोलनका क्रममा गण्डकी प्रदेशमा झण्डै रु पाँच अर्ब बराबरको भौतिक क्षति भएको छ ।

सोमबार बसेको प्रदेशसभा बैठकलाई सम्बोधन गर्ने क्रममा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारी भवन र सवारीसाधन गरी करिब रु दुई अर्ब र निजी क्षेत्रतर्फ रु तीन अर्ब क्षति पुगेको जानकारी दिनुभयो ।

कास्की, तनहुँ, नवलपुर, पर्वत, बागलुङ, म्याग्दी, स्याङ्जा गरी सात जिल्लाका १३८ वटा सरकारी कार्यालय र ६१ वटा निजी संरचनामा क्षति पुगेको उहाँले बताउनुभयो । प्रदेशभित्र ३६१ वटा दुईपाङ्ग्रे सवारीसाधनमा आगजनी भएको, सात वटा तोडफोड गरिएको र तीनवटा हराएको जनाइएको छ । यसैगरी १६१

बाँकी तीन पृष्ठमा

### दीर्घकालीन प्रभाव ...

मुख्यमन्त्री नियुक्तिविरुद्ध रकिप्रसाद साहसमेतले दिएको रिट निवेदनका आधारमा न्यायाधीश ढुंगानाको इजलासले यस्तो आदेश जारी गरेको हो ।

मधेश सरकार संविधानको धारा १६८ को उपधारा ३ बमोजिम गठन भएको थियो । आइतबार दलहरूलाई छलेर संविधानको धारा १६८ को ३ बमोजिम प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले ठूलो दलको हैसियतले नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् ।

सोमबार बिहान बिरामी भएको बहानामा काठमाडौं जान लागेको भन्दै महोत्तरीको बर्दिबासको पानस होटेलमा नवनियुक्त मुख्यमन्त्रीलाई शपथ ग्रहण गराएकी थिइन् ।

होटलमा मुख्यमन्त्रीलाई शपथ खुवाउनले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी भने पदमुक्त भइसकेकी छन् ।

यसअघि मधेश प्रदेशको मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति प्रक्रियाविरुद्ध सात राजनीतिक दलका प्रदेश सभा सदस्यहरूले मधेश प्रदेश सभा भवन अगाडि मंगलबार धर्ना दिएका छन् ।

नेपाली कांग्रेस, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोसपा, नेकपा एसलगायतका प्रदेश सभा सदस्यहरूले धर्ना दिएका हुन् ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**

प.सं. २०८२/०८३ मिति: २०८२/०७/२५
च.नं. २०८८

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना ।**

रैती नं. १८ पंची गोप नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे बगहाखाल तथा रैती नं. ९० कंछु गोप नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे बगहाखाल को हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. नकटीरायपुर वडा नं. ६ हाल परिवर्तित रुपनी गा.पा. वडा नं. १ वस्ने दुर्गा यादव-१ दिपिका यादव-१ निर्मला यादव-१ पुष्पा यादव-१ कृष्णा यादव-१ वलराम यादव-१ किसन यादव-१ नारायण यादव-१ समेत जना-८ को यस कार्यालयमा द.नं. ३१६१७ मिति २०८२/०३/२५ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८२/०७/२५ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४२ | नकटीरायपुर | ९क | ९३ | ०-७-८ | पंची गोप | फिल्डबुकको कैफियत महलमा यो जग्गा नकटीरायपुर वडा नं. ६ बस्ने पंची यादवको नम्बरी हो भनि उल्लेख रहेको |
| ३४६ | नकटीरायपुर | ८ख | ४२१ | ०-८-११ | पंची गोप | |
| ९१३ | नकटीरायपुर | ८च | २१ | ०-१-१७.५ | पंची गोप | |
| ११०१ | नकटीरायपुर | ८ख | ३५२ | ०-७-१२ | कंछु गोप | |
| ११०२ | नकटीरायपुर | ८च | ३७ | ०-२-११.५ | कंछु गोप | |
| १३८९ | नकटीरायपुर | ८ख | ४२२ | ०-६-५ | कंछु गोप | |

किशोर कुमार राम
कार्यालय प्रमुख



**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रिय सतर्कता केन्द्रलाई कर्मचारी र कार्यालय भवनको अभाव

**प्रकाश सिलवाल**
काठमाडौँ, २५ कात्तिक (रासस)।

सार्वजनिक निकायको सेवा प्रवाह प्रभावकारी तुल्याउन नियमन, अनुगमन र छड्के जाँचलगायत गर्ने निकाय राष्ट्रिय सतर्कता केन्द्र आफैं कर्मचारी अपुग र साँघुरो कार्यालयको समस्यामा छ।

सिंहदरबारस्थित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भुइँतलामा कार्यालय रहेको केन्द्रलाई कार्यालय सार्न मन्त्रालयले पटकपटक आग्रह गर्दै आएको छभने केन्द्रमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नहुँदा कामकाज नै प्रभावित भएको छ।

केन्द्रका प्रवक्ता एवं सहसचिव नारायण भट्टले हाल १४७ दरबन्दी रहेकामा करिब ३० प्रतिशत कर्मचारी रिक्त रहेको बताउनुभयो। कामको प्रकृतिअनुसार अधिकांश कर्मचारी केन्द्रमा आउन नचाहने प्रवृत्ति देखिएको उहाँले बताउनुभयो।

केन्द्रको २३औं प्रतिवेदनमा केन्द्रमा स्वीकृत दरबन्दीमध्ये प्रहरीतर्फ २४ कर्मचारी हनुपर्नेमा १२ जना मात्रै र निजामतीतर्फ ९६ दरबन्दीमध्ये ७१ कार्यरत छन्। यसरी ३१ प्रतिशत कर्मचारी पदपूर्ति हुन नसकेको सो प्रतिवेदनमा जनाइएको छ। केन्द्रले सेवा प्रवाह तथा विकास निर्माणमा गुणस्तरको प्राविधिक परीक्षण पनि गर्दै आएको छ। भ्रष्टाचारजन्य कार्यलाई न्यूनीकरण र भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्न प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेगरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सो केन्द्र स्थापना भएको हो।

यसले भ्रष्टाचार नियन्त्रणका लागि सूचना सङ्कलन गर्ने, सतर्क गराउने, अनुगमन, निगरानी, छड्के जाँच र अन्वेषण गर्ने, राष्ट्रसेवक कर्मचारीको सम्पत्ति विवरण तथा आयको अनुगमन गर्ने, भ्रष्टाचार नियन्त्रणा लागि सम्बन्धित निकायलाई सुझाव तथा निर्देशन दिने जस्ता कार्य गर्दै आएको छ।

"खासगरी प्राविधिक कर्मचारीको पदपूर्ति एवं कर्मचारीको टिकाउ दर झनै निराशाजनक छ। यसबाट केन्द्रको कार्य प्रभावकारितामा केही असर पर्न गएको महसुस गरिएको छ", आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदनमा भनिएको छ।

केन्द्रको कामको प्रकृतिअनुसार प्राविधिक कर्मचारीको आवश्यकता हुने स्थितिमा त्यही क्षेत्रका कर्मचारी अपुग हुँदा काममा असर परेको प्रवक्ता भट्टले राससलाई बताउनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता हेमराज अर्यालले केन्द्रमा कर्मचारीको टिकाउ दर कम रहेको यथार्थका बीच कसरी दरबन्दीबमोजिम कर्मचारी पदपूर्ति गराउन सकिन्छ भन्नेमा आफूहरू गम्भीर रहेको बताउनुभयो। उहाँले केन्द्रलाई बेग्लै कार्यालय उपलब्ध गराउने विषयमा छलफल भएको जानकारी दिनुभयो।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा शिक्षा मन्त्रालयको भवनमा पनि आगजनी र क्षति पुग्दा भुइँतलामा रहेको केन्द्रको कार्यालय, गाडी ध्वस्त भएका थिए। शिक्षा मन्त्रालय सिंहदरबार हाल सञ्चालन हुन थालेसँगै केन्द्र पनि क्रमशः काममा फर्किएको छ।

### *'जेनजी' आन्दोलनमा...*

वटा चारपाङ्ग्रे सवारीसाधनमा आगजनी भएको र ३१ वटा तोडफोड भएको मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो।

आन्दोलनका क्रममा प्रदेशभित्र तीन जनाले ज्यान गुमाएका थिए भने सुरक्षाकर्मी र आन्दोलनरत पक्षतर्फ गरी ७० जनाभन्दा बढी घाइते भएका थिए। मुख्यमन्त्री पाण्डेले क्षति पुगेका संरचनाको तीन चरणमा पुनर्निर्माण गरिने बताउनुभयो। तत्काल मर्मतसम्भार गर्न सकिने संरचनाको काम पहिलो चरणमा भइरहेको उहाँको भनाइ थियो। दोस्रो चरणमा आंशिक क्षति पुगेका भौतिक संरचनाको प्रवलीकरण गरिने र पुनर्निर्माण गर्नुपर्ने संरचनाको काम तेस्रो चरणमा गरिने मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

"क्षति पुगेका संरचनाको प्राविधिकहरूबाट मूल्याङ्कन र लागत योजनासमेत तयार गरिएको छ, कतिपय संरचनाको पुनर्निर्माणका लागि ठेक्का प्रक्रियासमेत अगाडि बढिसकेको छ", उहाँले भन्नुभयो।

मुख्यमन्त्री पाण्डेले एकैसाथ धेरै संरचनामा क्षति पुगेकाले पुनर्निर्माणका लागि स्रोत जुटाउन समस्या भइरहेको बताउनुभयो।

नगरी नहुने चालु कार्यक्रमबाहेकका खर्च कटौती गरी पुनर्निर्माणका लागि स्रोत जुटाउने नीतिगत निर्णय लिई कार्यान्वयनमा जान सबै मन्त्रालयलाई निर्देशन दिइएको उहाँको भनाइ थियो। दीर्घकालीन रुपमा गर्नुपर्ने पुनर्निर्माणका लागि प्रदेश सरकारले योजना बनाइरहेको उहाँले बताउनुभयो।

## एमालेद्वारा पालिकाहरूमा प्रदर्शन

काठमाडौँ, २५ कात्तिक (रासस)।

विघटित प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले मुलुकका ७५३ वटै पालिकाममा जनप्रदर्शनका कार्यक्रम सञ्चालन गरेको छ।

पालिकाहरूमा स्थानीय नेता तथा कार्यकर्ताको उपस्थितिमा प्रदर्शन गरी कोणसभा गर्ने एमालेको कार्यक्रम रहेको छ।

सो पार्टीका केन्द्रीय प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले संविधान र लोकतन्त्रको रक्षार्थ बिहानदेखि सबै पालिकास्तरमा प्रदर्शन तथा र्‍यालीको आयोजना गरिएको बताउनुभयो।

उहाँका अनुसार यही कात्तिक २२ गते देशका छ हजार ७४३ वटै वडामा वडा भेला सम्पन्न भइसकेका छन्। यही कात्तिक २९ गते जिल्लास्तर र आगामी मङ्सिर ६ गते काठमाडौंमा जनप्रदर्शन गर्ने तयारी गरेको उहाँले जानकारी दिनुभयो।

## वीमा लेख नं. हराएको सूचना

राजविराजस्थित गजेन्द्र चौकदेखी अदालत रोडसम्म जाँदै गरेको अवस्थामा २०८२ साल असोज २० गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८२०२५२९८९ मा सम्पर्क गर्नुहोला।

**नाम : विभा कुमारी**
**ठेगाना : राजविराज ३, सप्तरी**
**वीमा लेख नं. : २५१७७०१४२६**

## वीमा लेख नं. हराएको सूचना

राजविराजस्थित नेता चौकदेखी सिरहा रोडसम्म जाँदै गरेको अवस्थामा २०८२ साल असोज १६ गते मेरो निम्न ब्यहोराको वीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८२०२५२९८९ मा सम्पर्क गर्नुहोला।

**नाम : निलेश प्रसाद सिंह**
**ठेगाना : कोइलाडी २, राजविराज ३, सप्तरी**
**वीमा लेख नं. : २५१७७०१०५७**

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८२/०८३ मिति: २०८२/०७/२४
च.नं. २०६२

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना।**

महरग दास बाबु लाल नाममा दर्ता रहेको साविक पगन्ना जगदर मौजे हरिरवा रैती नं. १४५ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाऊँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. नकटीरायपुर वडा नं. ५ हाल परिवर्तित रुपनी गा.पा. वडा नं. २ वस्ने कोकन चौधरीको यस कार्यालयमा द.नं. ११५३३ मिति २०८१/११/०२ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०७/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| १०७२ | नकटीरायपुर | ४क | १२९ | ०-३-५ | महरग दास बाबु लाल | फिल्डबुक को जग्गाधनी महलमा रौटी चौधरी र मनी चौधरीको नाम उल्लेख रहेको |

श्री किशोर कुमार राम
कार्यालय प्रमुख

कार्यालय प्रमुख

# विश्व समाचार

## दिल्लीको घातक कार विस्फोटमा कम्तीमा आठको मृत्यु, फरेन्सिक टोलीद्वारा गहिरो अनुसन्धान सुरु

नयाँदिल्ली, २५ कात्तिक (रासस/एएफपी)।

भारतीय फरेन्सिक टोलीहरूले मङ्गलबार बिहान राजधानी नयाँदिल्लीको मुटुमा भएको विनाशकारी कार विस्फोटको खोजी कार्य जारी राखेका छन्। सोमबार राति भएको उक्त विस्फोटमा कम्तीमा आठ जनाको ज्यान गएको र १९ जना घाइते भएको पुष्टि गरिएको छ। विस्फोट पुरानो दिल्लीको भीडभाडयुक्त क्षेत्रमा, ऐतिहासिक लालकिल्ला नजिकै भएको थियो। विस्फोटपछिको आगलागीले वरिपरिका अन्य सवारी साधनहरू पनि जलेका थिए। प्रहरीले अहिलेसम्म विस्फोटको कारणबारे कुनै आधिकारिक विवरण दिएको छैन। गृहमन्त्री अमित शाहले पत्रकारहरूसँग कुरा गर्दै भन्नुभयो, "सुरक्षा निकायहरूले सबै कोणबाट अनुसन्धान गरिरहेका छन्। फरेन्सिक नमूनाहरूको विश्लेषण नभएसम्म घटनाको वास्तविक कारण बताउन कठिन छ।"

मङ्गलबार बिहान एएफपीका पत्रकारहरूले विस्फोटस्थलमा प्रहरीद्वारा सेतो कपडाले घेरेर राखिएको क्षेत्रमा जलेका गाडीहरूको भग्नावशेष देखेका थिए। घटनास्थलमा फरेन्सिक विज्ञ र आतङ्कवाद विरोधी एकाइका अधिकारीहरू प्रमाण सङ्कलनमा व्यस्त थिए। नयाँदिल्लीभरि सुरक्षा कडा पारिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले मृतकका परिवारप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ। उहाँले गृहमन्त्री अमित शाहसँग 'स्थितिको प्रत्यक्ष समीक्षा' गर्नुभएको र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको विज्ञप्तिमा उल्लेख गरिएको छ। प्रधानमन्त्री मोदीले भन्नुभयो, "दिल्लीमा भएको यो विस्फोट अत्यन्त पीडादायक छ। आफ्ना प्रियजनहरू गुमाउने परिवारहरूप्रति समवेदना व्यक्त गर्दछु, घाइतेहरू चाँडै निको होऊन्।"

१७औँ शताब्दीमा निर्माण गरिएको लालकिल्ला भारतको सबैभन्दा प्रतिष्ठित ऐतिहासिक स्मारक हो। यही किल्लाको प्राचीरबाट प्रत्येक वर्ष स्वतन्त्रता दिवसमा प्रधानमन्त्रीहरूले राष्ट्रलाई सम्बोधन गर्ने परम्परा रहिआएको छ।

## पाकिस्तानको अदालतमा विस्फोट, १२ जनाको मृत्यु

इस्लामाबाद, २५ कात्तिक (रासस/सिन्ह्वा)।

पाकिस्तानको राजधानी इस्लामाबादको जिल्ला अदालत बाहिर मङ्गलबार भएको आत्मघाती विस्फोटमा कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै २७ जना घाइते भएको गृहमन्त्री मोहसिन नकवीले मिडियालाई बताउनु भएको छ। उहाँले आत्मघाती विस्पोट न्यायिक परिसरमा भएको उल्लेख गर्दै उक्त स्थनमा धेरै जिल्ला अदालतहरू रहेको बताउनु भएको छ। प्रहरी र उद्धार टोलीहरू तुरुन्तै घटनास्थलमा पुगी शव तथा घाइतेहरूलाई पाकिस्तान इन्स्टिच्युट अफ मेडिकल साइन्समा लगिउको जनाइएको छ। इस्लामाबादको मिडिया शाखाका अधिकारी घाइतेमध्ये केहीको अवस्था गम्भीर भएकाले मृतकको सङ्ख्या बढ्न सक्ने प्रहरीलाई उद्धृत गर्दै सिन्ह्वाले जनाएको छ। प्रारम्भिक अनुसन्धान प्रतिवेदन अनुसार आक्रमणकारीहरु न्यायिक परिसरमा प्रवेश गर्न चाहन्थे, तर कडा सुरक्षा जाँच घेरा पार गर्न नसके पछि अन्ततः परिसर बाहिर प्रहरीको गाडीमा आक्रमण गरेको जनाइएको छ।

विस्फोटको कारण धेरैवटा गाडीहरूमा आगो लाग्नुका साथै केही क्षतिग्रस्त भएको जनाइएको छ। घटनास्थलबाट आत्मघाती आक्रमणकारीहरुले शरीरका अङ्गहरू बरामद गरेको प्रहरीले जनाएको छ भने फरेन्सिक टोलीले आक्रमणकारीको पहिचान गर्ने प्रक्रिया सुरु गरेको छ। जिल्ला प्रशासनले अदालत परिसर खाली गरेको छ भने सुरक्षा विभागले उक्त क्षेत्रमा खोजी अभियान सुरु गरेको जनाइएको छ। अहिलेसम्म कुनै पनि समूहले आक्रमणको जिम्मेवारी लिएको छैन। यद्यपि, सुरक्षा स्रोतहरूलाई उद्धृत गर्दै अफगानिस्तानबाट सञ्चालित प्रतिबन्धित सङ्गठन तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) ले आक्रमण गरेको जनाएको छ।

## भुटानमा जलविद्युत् परियोजनाको उद्घाटन गर्न प्रधानमन्त्री मोदीको उच्चस्तरीय भ्रमण

नयाँदिल्ली, २५ कात्तिक (रासस/एएफपी)।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी मङ्गलबार छिमेकी तथा मित्रराष्ट्र भुटानको भ्रमणमा पुग्नुभएको छ। उहाँले भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुकसँग मिलेर विशाल पुनात्साङ्छु-२ जलविद्युत् परियोजनाको संयुक्त उद्घाटन गर्नुभएको छ। उक्त आयोजना भुटानकै सबैभन्दा ठूलोमध्ये एक हो। यसको उत्पादन क्षमता एक हजार २० मेगावाट रहेको छ। कार्बन-नकारात्मक राष्ट्रका रूपमा चिनिएको भुटानले हालका वर्षहरूमा जलविद्युत् क्षेत्रमा उल्लेखनीय प्रगति गर्दै आएको छ। यसले आफ्ना प्रचुर जलस्रोतहरूलाई सदुपयोग गर्दै भारतजस्ता ऊर्जाको उच्च माग भएका देशहरूमा बिजुली निर्यात गरेर ठूलो मात्रामा राजस्व आर्जन गर्दै आएको छ। साथै, देशभित्रको सस्तो र वातावरणमैत्री बिजुलीलाई क्रिप्टोकरेन्सी माइनिङका लागि पनि उपयोग गर्दै आएको छ।

# मधेस प्रदेशका प्रदेश प्रमुख कर्णले लिए शपथ

**दैनिक समाचारदाता**
**काठमाडौं, २५ कात्तिक ।**
राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त मधेस प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णलाई पद तथा गोपनीयताको शपथ गराएका छन् ।

राष्ट्रपति कार्यालय शीतलनिवासमा मंगलबार आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले कर्णलाई शपथ गराएको राष्ट्रपतिको स्वकीय सचिवालयले जनाएको छ ।

समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, सभामुख देवराज घिमिरे, मन्त्रिगण, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी सहभागी थिए ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले मधेस प्रदेशको प्रदेश प्रमुखमा धनुषाका सुरेन्द्र लाभ कर्णलाई नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो ।

यसअघि राष्ट्रपति रामचन्द्र पौडेलले मधेस प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गरेका थिए । मन्त्रिपरिषद्को यही कात्तिक २४ को निर्णय एवं सिफारिसका आधारमा राष्ट्रपतिले नेपालको संविधानको धारा १६५ को उपधारा (१) को खण्ड (ख) बमोजिम भण्डारीलाई सोमबारदेखि लागू हुनेगरी पदमुक्त गरेका थिए ।

# तीन महिनामा प्रेस स्वतन्त्रता हननका ५९ घटना

काठमाडौं, २५ कात्तिक (रासस) ।
पछिल्ला तीन महिनामा प्रेस स्वतन्त्रता हननका ५९ घटना घटेको प्रेस काउन्सिल नेपालले जनाएको छ । गत साउन १ गतेदेखि गत असोज ३१ गतेको अवधिमा सो सङ्ख्यामा प्रेस स्वतन्त्रता हननका घटना भएको काउन्सिलले जनाएको हो ।

तीमध्ये सबैभन्दा धेरै आक्रमण/कुटपिटका ३४ घटना रहेको काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवम् प्रवक्ता दीपक खनालले जानकारी दिनुभयो । त्यसैगरी धम्की/दुर्व्यवहारका १०, पेसागत असुरक्षाका आठ, कब्जा/अवरोधका पाँच र नीतिगत बन्देजका दुई घटना घटेको जनाइएको छ ।

प्रदेशअनुसार सबैभन्दा बढी बागमती प्रदेशमा ४४, मधेस प्रदेशमा ६, लुम्बिनीमा चार, कोशीमा तीन, सुदूरपश्चिममा एकवटा घटना घटेका छन् । लैङ्गिक आधारमा यस अवधिमा भएका घटनामा ४३ पुरुष र तीन महिला गरी ४६ जना पत्रकार पीडित भएको पाइएको छ । यस अवधिमा प्रेस स्वतन्त्रता दुरुपयोगका दुई घटना घटेकामा बागमती प्रदेशमा एक र मधेस प्रदेशमा एक घटना घटेका हुन् ।

यसैबीच प्रेस काउन्सिल नेपालको एक टोलीले जेनजीको नाममा गत भदौ २३ र २४ गतेको प्रदर्शनका कममा काठमाडौं उपत्यकाका सञ्चारमाध्यममा भएको तोडफोड, आगजनीबारे स्थलगत अनुगमन गरेको थियो ।

# दुई लाख भन्दा बढीको सामान बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २५ कात्तिक ।**
सप्तरी प्रहरीले भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरी ल्याउदै गरेको सामान नियन्त्रणमा लिएर भन्सारमा बुझाएको छ ।

प्रहरीले गस्ती गर्ने क्रममा छिन्नमस्ता गाउँपालिका वडा नं. ५ बाट नियन्त्रणमा लिएको दुई लाख ७३ हजार आठ सय बराबरको किराना तथा कपडा लगायतको सामान मंगलबार भन्सार बुझाएको हो ।

भारतको कुनौली तर्फबाट राजविराज आउने सडक खण्ड स्थितमा भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरी ल्याउदै गरेको अवस्थामा नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरी जानकारी दिए ।

प्रहरी टोलीलाई देखेपछि बोरामा रहेका सामान छाडी मानिसहरु फरार भएको उनले बताए । प्रहरीका अनुसार बोराहरु खोली चेकजाँच गर्दा त्यसमा किराना समानहरु चिनी, खाने तेल, जिरा, कपडा लगायतका विभिन्न समानहरु फेला परेको थियो ।

### *नवनियुक्त मुख्यमन्त्री ...*

यादवले पदभार ग्रहण गरिरहँदा बाहिर आन्दोलन चर्किएको थियो । सो क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप भएको थियो । प्रदर्शनका क्रममा ५ जना प्रहरीसहित १० जना घाइते भएका छन् ।

घाइते प्रदर्शनकारीहरूको जनकपुर प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ ।

झडपको क्रममा प्रदर्शनकारीले प्रहार गरेको ढुंगामुढाबाट ५ जना प्रहरी सामान्य घाइते भएका छन् भने प्रहरीको लाठी प्रहारबाट ५ जना प्रदर्शनकारी घाइते भएका हुन् ।

"असतो मा सदगमय तमसो मा ज्योर्तिगमय" मो. नं. ९८०४७०८१२३
श्री जनता माध्यमिक विद्यालय बसबिट्टी
Shree Janata Secondary School Basbitti
रूपनी गाउँपालिका वडा नं. ५. सप्तरी
विद्यालय कोड नं.१५०१४०००१
मधेश प्रदेश
(स्थापित २०१७ साल)
संसदीय क्षेत्र नं. 3
प्रदेश क्षेत्र नं. 3(१)

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-
मिति :- २०८२/०७/२५

सूचना सूचना सूचना

प्रस्तुत विषयमा यस श्री जनता माध्यमिक विद्यालय बसविट्टी रुपनी ५, सप्तरीको रिक्त नि. मा. शि. राहत कोटा १ (एक) सामाजिक विषयको शिक्षक पद पूर्तिका लागि मिति २०७४/०९/१८ गते र पूनः मिति २०८०/०६/०७ गते प्रकाशित विज्ञापनको परीक्षा विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०७/२३ गतेको निर्णय अनुसार तपसिलको मिति, समय र स्थानमा हुने व्यहोरा सम्वन्धित अम्मेदवार र सरोकारवालाहरु लाई जानकारी गराईन्छ ।

तपसिल
१ परीक्षा संचालन हुने मिति : २०८२/०८/०४ गते विहिवार ।
२ समय : विहान ९:०० वजे देखि ।
३ स्थान : श्री जनता मा. वि. बसविट्टी, रुपनी ५ सप्तरी ।

(प्रधानाध्यापक)
श्याम प्रसाद यादव
प्रधानाध्यापक
श्री ज.मा.वि बसविट्टी-१, सप्तरी

# बेमौसमी वर्षाले सिरहामा १० हजार हेक्टर धानबालीमा क्षति

सिरहा, २५ कात्तिक (रासस) ।
मोन्था चक्रवातको प्रभावले भएको बेमौसमी वर्षाका कारण जिल्लामा करिब १० हजार हेक्टरभन्दा बढी धानबालीमा क्षति पुगेको छ । जिल्लाका आठ नगरपालिका र नौ गाउँपालिका गरी १७ स्थानीय तहका कृषि शाखाले सङ्कलन गरेको प्रारम्भिक विवरणअनुसार करिब १० हजार ७२८ हेक्टर क्षेत्रमा रहेका धानबालीमा क्षति पुगेको हो ।

कृषि शाखाबाट प्राप्त विवरणअनुसार लहान नगरपालिकामा सबैभन्दा बढी दुई हजार २३२ हेक्टर, औरही नगरपालिकामा एक हजार ३५८ हेक्टर र नरहा गाउँपालिकामा करिब ८०० हेक्टर क्षेत्रमा धानबालीमा क्षति पुगेको छ ।

लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साहका अनुसार किसानले लगाएका बासमती र सुख्खा प्रजातिका धानमध्ये करिब ५० प्रतिशत बालीमा क्षति पुगेको छ । उहाँका अनुसार किसानले राम्रो मूल्य पाउने आशामा उन्नत जातका धान लगाएका थिए ।

पूर्व-पश्चिम लोकमार्गबाट दक्षिणतर्फका अधिकांश क्षेत्र बोरिङ, भूमिगत सिँचाइ र कमला नहर प्रणालीबाट सिञ्चित क्षेत्र भएकाले त्यहाँ लगाइएका उन्नत जातका धानमा बढी क्षति पुगेको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।

"पाक्न लागेको धानमा वर्षाले क्षति पुऱ्याएपछि स्वतः उत्पादन घट्ने निश्चित छ", केन्द्रका प्रमुख नरेन्द्रकुमार महासेठले भन्नुभयो, "धानका बोट ढलेका कारण दाना कुहिने र उत्पादन घट्ने अवस्था देखिएको छ ।"

केन्द्रका अनुसार जिल्लामा ५४ हजार हेक्टरमा वर्षे र एक हजार ३४५ हेक्टरमा चैते धानखेती हुँदै आएको छ । अघिल्लो वर्ष ५५ हजार ३४५ हेक्टर क्षेत्रमा दुई लाख २८ हजार ६९६ मेट्रिकटन धान उत्पादन भए पनि यो वर्ष उत्पादनमा उल्लेख्य कमी आउने अनुमान गरिएको छ ।

# बाइस हजार विद्यार्थीको 'डिजिटल' स्वास्थ्य 'प्रोफाइल' तयार

काठमाडौं, २५ कात्तिक (रासस) ।
'हाम्रो हेल्थ' नामक संस्थाले काठमाडौं उपत्यकाका ४५ बढी विद्यालयका २२ हजार बढी विद्यार्थीको 'डिजिटल' स्वास्थ्य 'प्रोफाइल' तयार पारेको छ ।

यसैगरी ५८ हजार बढी स्वास्थ्य अभिलेख विन्दुहरू सुरक्षित रूपमा 'डिजिटलाइज' गरेको छ । विद्यार्थीको स्वास्थ्य अभिलेख कागजमा सीमित हुँदा व्यवस्थापनमा चुनौती देखिएपछि सो संस्थाले प्रविधिमा आधारित विद्यार्थी स्वास्थ्य 'रेकर्डिङ' प्रणाली विकास गरेको हो । यसमार्फत विद्यार्थीहरूको डिजिटल स्वास्थ्य प्रोफाइल तयार पारिँदै आएको र जसमा विद्यालयमा भएका सबै स्वास्थ्यसम्बन्धी क्रियाकलाप व्यवस्थित रूपमा अभिलेख गरिएको जनाइएको छ ।

हाम्रो हेल्थका संस्थापक डा प्रशान्त भट्टराईले सरकारको 'एक विद्यालय, एक नर्स' नीति, मध्याह्न भोजन, खोप, 'डिवर्मिङ', आयरन/भिटामिन वितरण जस्ता कार्यक्रमहरू बढ्दै गएका बेला विद्यार्थीले स्वास्थ्यको व्यवस्थित 'डाटाबेस' नहुनुले सरकारले वास्तविक समयमा तथ्याङ्क पाउन नसक्ने अवस्था रहेको बताउनुभयो । उहाँका अनुसार यस संस्थाले विद्यार्थी, अभिभावक, विद्यालय र नगरपालिकालाई तथ्य-आधारित निर्णय लिन सहयोग गर्ने बलियो विद्यार्थी स्वास्थ्य तथ्याङ्क बनाइरहेको छ ।

प्रोफाइलमा सरकारले सञ्चालन गर्ने खोप, आयरन र भिटामिन वितरण, कीरा मार्ने (डिवर्मिङ) कार्यक्रमहरू, विद्यालयमा हुने निजी क्षेत्रका स्वास्थ्य परीक्षणहरूलगायत विद्यालय नर्सहरूले दिने प्राथमिक उपचार तथा तत्कालीन स्वास्थ्य सेवाबारे समेटिने भट्टराईले जानकारी दिनुभयो ।

उहाँका अनुसार विद्यालयमा भएका हरेक स्वास्थ्यसम्बन्धी क्रियाकलाप समेट्ने दीर्घकालीन र व्यवस्थित अभिलेख समेट्नु नै संस्थाको प्रमुख कार्य हो ।

# महिला क्रिकेटमा सिरहा र मोरङ बिजयी

**दैनिक समाचारदाता**
**राजविराज, २५ कात्तिक ।**
राजबिराजमा संचालित जिल्ला स्तरिय ईन्टर हव टि ट्वान्टी क्रिकेट प्रतियोगिता अन्तर्गत मंगलबारको खेलमा सिरहा र मोरङ बिजयी भएको छ ।

पहिलो खेलमा सिरहाले धनुषालाई ९ बिकेटले तथा दोस्रो खेलमा मोरङले सप्तरीलाई ५ विकेट पराजित गरेको हो ।

धनुषा र सिरहा बिच भएको पहिलो खेलमा सिरहाले टस जितेर धनुषालाई ब्याटिङ गर्न दिएपछि धनुषाले १४ ओभर १ बलमा सबै बिकेट गुमाएर ४० रन को योगफल तयार गरेको थियो ।

जवाफमा सिरहाले ५ ओभर ६ बलमा १ बिकेट गुमाएर बिजयी लक्ष्य प्राप्त गऱ्यो । खेलको प्लेयर अफ दि म्याच बिपना राय घोषित भइन् ।

यस्तै दोस्रो खेलमा सप्तरीलाई मोरङले ५ बिकेटले पराजित गर्दै बिजयी भएको छ । टस जितेर सप्तरीले २० ओभरमा ८ बिकेट गुमाएर ८७ रनको योगफल खडा गरेको थियो ।

जवाफमा मोरङले १६ ओभर २ बलमा ५ बिकेट गुमाएर बिजयी हासिल गऱ्यो । खेलको प्लेयर अफ दि म्याच मोरङकी बन्दना राजबंशी घोषित भइन् ।

उक्त अवसरमा दुबै खेलमा प्लेयर अफ दि म्याच पुरस्कृत खेलाडीहरूलाई राजबिराज नगरपालिका वडा ५ का वडा सदस्य सन्तोष मण्डल तथा सप्तरी क्रिकेट संघका सदस्य मनोज साहले कप प्रदान गरेका थिए ।

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*